# शुक्लाफाँटा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झलारी, कंचनपुर

## फर्निचर खरिदका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७५।०७।१२)

चालु आ. व. २०७५/२०७६ मा स्विकृत बार्षिक कार्यक्रम अनुसार, यस नगर कार्यपालिकाको कार्यालय, अन्तरगत वडा कार्यालय तथा अन्तरगतका शाखाहरुको लागि आवश्यक फर्निचरहरु सिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले ईच्छुक फर्निचर बिक्रि वितरण गर्ने ईजाजत प्राप्त आपुर्तीकर्ता, फर्म, कम्पनी वा सप्लायर्शहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही रित पुर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो दरभाउपत्र आह्वान गरिएको छ ।

1. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रति दरभाउपत्र रु १,०००।– (एक हजार) फिर्ता नहुने गरी तिरी नागरिकताको प्रमाण पत्र, आ. व. २०७४/२०७५ को कर चुक्ता प्रमाण पत्र, नविकरण गरिएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मु. अ. कर दर्ता प्रमाण पत्र, कर चुक्ता वा कर विवरण पेश गरी म्याद थप गरेको कागजातको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि निवेदन साथ संलग्न राखी यस कार्यालयको खरिद ईकाईबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र दस्तुर नगदै वा यस कार्यालयको श्री एभरेष्ट बैंक लि, झलारी स्थित खाता नं. ०५९१०१०५२००००० मा जम्मा भएको भौचर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ ।
2. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा कागजात दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।
3. खरिद गरेको दरभाउपत्र, यो सूचना प्रथम पटक प्रकाशित भएको मितिको १६ औ दिन दिनको १२:०० बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई, फर्मको छाप सहित सिलबन्दी लाहछाप गरेर पेश गर्नु पर्नेछ । दर्ता भएका सिलबन्दि दरभाउपत्रहरु यस कार्यालयमा सोही दिनको अपराह्न २ बजे कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाताका प्रतिनिधिहरुको रहोवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि सिलबन्दि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
4. दरभाउपत्रसाथ धरौटी बाफत देहायमा उल्लेख भए अनुसारको रकम श्री एभरेष्ट बैंक लि, झलारी शाखा, कंचनपुरमा रहेको धरौटी खाता न. ०५९१०१०५२००००३ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बाराबरको यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने मितिले ७५ दिन मान्य अवधि भएको राष्ट्र बवैङ्कबाट मान्याता प्राप्त बैंकबाट जारी भएको दरभाउपत्र जमानत ( Bid Guarantee) पेश गर्नु पर्नेछ ।
5. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थप घट वा द्रव्यष्ट नलेखेको हुनुपर्नेछ, ढीलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्रमाथी कुनै कारवाही हुने छैन।
6. यस नगरपालिकाले तयार पारेको स्पेसिफिकेशन बमोजिमका विभिन्न फर्निचरहरुको दररेट भरी सोही बमोजिम दरभाउपत्रदाताले आपुर्ती गर्नुपर्नेछ ।
7. सिलबन्दी दरभाउपत्रदातले सप्लाई गरेका बुदा नं. ६ अनुसारका माल समानहरु यस कार्यालयको स्टोर शाखमा कार्यरत कर्मचारी एवं खरिद ईकाईले चेकजाच गरी, स्पेसिफिकेशन बमोजिमको मालसामन ठिक छ भनि प्रमाणित भएपछि भुक्तानी गरिनेछ।
8. दरभाउपत्र साथ फर्निचरको वारेन्टी भए वारेन्टी र वारेन्टी नभए उक्त मालसमानको गुणस्तरको कमीले विग्रेमा वा काम नलाग्ने भएमा १ वर्ष भित्र निशुल्क मर्मत गर्ने प्रतिवद्धता दरभाउपत्रदाताको लिखित रुपमा पेश गर्नुपर्ने छ ।
9. एक व्यक्ति वा फर्मको नाममा खरिद भएका दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।
10. दरभाउपत्र भर्दा स्पष्ट रुपमा अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।
11. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा, सो को भोलिपल्ट वा बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
12. नेपाल सरकारको हितलाई ध्यानमा राखि दरभाउपत्र स्विकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
13. यस सूचनामा नपरेका अन्य कुराहरु दरभाउपत्र कागजातमा उल्लेख भएका विशेष शर्त र साधारण शर्त बमोजिम हुनेछ ।
14. दरभाउपत्रदाताले बैङ्क ग्यारेन्टी पेश गर्दा दरभाउपत्र कागजातसाथ संलग्न फर्मेट अनुसार पेश गर्नु पर्नेछ ।
15. सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।
16. दरभाउपत्र सम्बन्धमा अन्य कुराहरु बुज्नु परेमा यस कार्यालयमा सम्पर्क गरी बुज्न सकिनेछ ।

**दरभाउपत्र सम्बन्धि विवरण**

| सि. न. | दरभाउपत्र नम्वर | कामको विवरण | बैंक जमानत(Bid Guarantee) | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | ०७।२०७५।०७६ | फर्निचर खरिद गर्ने कार्य | ३६,०००।०० | १,०००।०० | २०७५।०७।२६ | २०७५।०७।२७ |

.............................................

कार्यालय प्रमुख